# फाल्गुनन्द गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## फाक्तेप, पाँचथर
स्थापना: २०७३
कोशी प्रदेश, नेपाल
(कार्यपालिका बैठक)

मिति:२०८२/०७/१६

बैठक सुरु समय: बिहान १२ बजे

बैठक संख्या:५

बैठकको अध्यक्षता: बृज हाङ आङ्देम्बे

**उपस्थिति:**

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बृज हाङ आङ्देम्बे | अध्यक्ष | |
| २ | श्री ठाकुर सिं नेम्बाङ | उपाध्यक्ष | |
| ३ | श्री होम प्रसाद आङ्देम्बे | १ नं. वडाध्यक्ष | |
| ४ | श्री सन्तोष कुमार नेम्बाङ | २ नं. वडाध्यक्ष | |
| ५ | श्री धन कुमार तामाङ | ३ नं. का.वा.वडाध्यक्ष | |
| ६ | श्री दल बहादुर नेम्बाङ | ४ नं. वडाध्यक्ष | |
| ७ | श्री विष्णु कुमार चेम्जोङ | ५ नं. वडाध्यक्ष | |
| ८ | श्री नारायण प्रसाद आङ्देम्बे | ६ नं. वडाध्यक्ष | |
| ९ | श्री देउ कुमार आङ्देम्बे | ७ नं. वडाध्यक्ष | |
| १० | श्री बिमला लिम्बु | सदस्य | |
| ११ | श्री आइतिमाया लिम्बु | सदस्य | |
| १२ | श्री कमला पराजुली दुलाल | सदस्य | |
| १३ | श्री हर्कमाया नेपाली | सदस्य | |
| १४ | श्री टंक परियार | सदस्य | |
| १५ | श्री जसिमाया कमिनी | सदस्य | |
| १६ | श्री देवी तुम्बापो (प्र.प्र.अ.) | सदस्य सचिव | |

फाल्गुनन्द गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## फाक्तेप, पाँचथर

स्थापना:२०७३

कोशी प्रदेश, नेपाल

**(कार्यपालिका बैठक)**

**फाल्गुनन्द गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८२।०७।१६ गते बसेको चौथो बैठकका निर्णयहरू**

प्रस्ताव नं.१

फाल्गुनन्द गाउँपालिकाको विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कार्यविधि,२०७४ को दफा २२ मा संशोधन गर्ने सम्बन्धमा ।

निर्णय नं.१

फाल्गुनन्द गाउँपालिकाको विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कार्यविधि,२०७४ को दफा २२ मा का विभिन्न उपदफामा देहायनुसार संशोधन गर्ने निर्णय गरियोः

उपदफा (ग) को (आ) मा घरबारबिहिन परिवारलाई प्रति परिवार रू.१५,०००।–

(इ) अंगभंग भएका परिवारलाई प्रति व्यक्ति रू.१०,०००।–

(ई) शारीरिक रुपमा घाईते भएका भई उपचाररत अवस्थामा रहेकालाई प्रति व्यक्ति रू.५,०००।–

प्रस्ताव नं.२

मिति २०८२।०६। १८ र १९ गते परेको अविरल वर्षाबाट भएको क्षतिको मूल्याङ्कन र राहत तथा क्षतिपुर्ती उपलब्ध गराउने सम्बन्धमा ।

निर्णय नं.२

मिति २०८२।०६। १८ र १९ गते परेको अविरल वर्षाबाट भएको क्षतिको मूल्याङ्कन र राहत तथा क्षतिपुर्ती फाल्गुनन्द गाउँपालिकाको विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कार्यविधि,२०७४ बमोजिम उपलब्ध गराउने र सो कार्यविधिले समेट्न नसकेको सम्बन्धमा देहायनुसार गर्ने निर्णय गरियोः

क्षतिको मूल्याङ्कन गर्दा रू.१ लाख देखि ३ लाख सम्मको.क्षति को राहत रू.५,०००।-, रू.३ लाख देखि रू.५ लाख सम्मको क्षतिलाई रू. १०,००० र रू.५ लाख देखि माथिको क्षतिलाई रू.१५,०००।– क्षतिपुर्ती स्वरूप राहत दिने निर्णय गरियो ।

# फाल्गुनन्द गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## फाक्तेप, पाँचथर

स्थापना: २०७३

कोशी प्रदेश, नेपाल

(कार्यपालिका बैठक)

<u>प्रस्ताव नं.३</u>

मिति २०८२।०६।१८ र १९ गतेको वर्षाबाट क्षति भएको पक्कि पुल, झोलुङ्गेपुल, लघु जलविद्युत आयोजना, सिंचाई कुलो, खानेपानी, खेलमैदान को मर्मत संभार र कृषी-पशुपन्छिको क्षति लगायतको क्षतिपुर्ति सम्बन्धमा।

<u>निर्णय नं.३</u>

मिति २०८२।०६।१८ र १९ गतेको वर्षाबाट क्षति भएको पक्कि पुल, झोलुङ्गेपुल, लघु जलविद्युत आयोजना, सिंचाई कुलो, खानेपानी, खेरलमैदान को मर्मत संभारका लागी सम्बन्धित निकायमा माग गर्ने निर्णय गरियो। साथै कृषि तथा पशुपन्छिको क्षेत्रमा भएको क्षतिको विवरण संकलन गरी सम्बन्धित कार्यालयमा माग गर्ने।

<u>प्रस्ताव नं.४</u>

फाल्गुनन्द गाउँपालिका वडा नं.३ को रांके बजारमा अवस्थित सशस्त्र प्रहरी बेस क्याम्प चिम्फुला र वडा नं.७ आङ्सराङ प्रहरी चौकीलाई पुनःस्थापना गर्ने सम्बन्धमा।

<u>निर्णय नं.४</u>

फाल्गुनन्द गाउँपालिका वडा नं.३ को रांके बजारमा अवस्थित सशस्त्र प्रहरी बेस क्याम्प चिम्फुला र वडा नं.७ को आङ्सराङ प्रहरी चौकीलाई पुनःस्थापना गर्नका लागी जिल्ला सुरक्षा व्यवस्थपन समिती पाँचथर र गृह मन्त्रालयमा माग गर्ने निर्णय गरियो।

<u>प्रस्ताव नं.५</u>

मिति २०८२।०६।१८ र १९ गते आएको वर्षा बाट फाल्गुनन्द गाउँपालिका का भित्र रहेका मुख्य सडकको मर्मत गर्ने सम्बन्धमा।

<u>निर्णय नं.५</u>

मिति २०८२।०६।१८ र १९ गते आएको वर्षा बाट फाल्गुनन्द गाउँपालिका का भित्र रहेका मुख्य सडकहरूको मर्मत तत्काल गरी प्राविधिकको लागत अनुमानका आधारमा भुक्तानी गर्नें निर्णय गरियो।

<u>प्रस्ताव नं.६</u>

हलुका सवारी चालक को विज्ञापन गर्ने सम्बन्धमा।

<u>निर्णय नं. ६</u>

फाल्गुनन्द गाउँपालिकामा रिक्त रहेको हलुका सवारी चालकको लागी विज्ञापन आव्हान गर्ने निर्णय गरियो।